## ७० औं कार्यपालिका बैठक

आज मिति २०७७ साल मंसिर १८ गते बिहिवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री लक्ष्मण मैनाली | शाखा अधिकृत | |
| २२ | श्री ध्रुव वानियाँ | कार्यालय सहयोगी | |

<u>छलफल तथा प्रस्तावका विषयहरु</u>

१. वडा सदस्य श्री डम्वर ढकालको शोक

२. सार्वजनिक सुनुवाइको मिति तय गर्ने सम्वन्धमा ।

३. सुरक्षित नागरिक आवासको लागि लाभग्राही/लक्षित वर्गको पहिचान गरी छनौट गर्ने सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि वडागत योजना छनौट गर्ने सम्वन्धमा ।

५. आ.व. ०७५/०७६ मा सम्पत्ति विवरण पेश नगर्नेहरुबाट रकम दाखिला गर्ने सम्वन्धमा ।

६. तामाङखर्क विद्यालयको अनाथ बालबालिका छात्राबास भवन निर्माणको लागि बजेट माग गर्ने सम्वन्धमा ।

७. विविध ।

गजुरी गाउँपालिका कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

Scanned with CamScanner

## निर्णयहरु:

### निर्णय नं. १

गंगाजमुना गाउँपालिका वडा नं. ६ का वडा सदस्य, विधान समितिका संयोजक तथा साविक बसेरी गाविसका निर्वाचित गाविस अध्यक्ष श्री डम्वर वहादुर ढकालज्यूको सम्वत् २०७७ कात्तिक ४ गते ५९ वर्षको उमेरमाअसामयिक निधन भएकोमा गाउँपालिका परिवार मर्माशित, शोक सन्तप्त भएका छौं, साथै यस दुखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको ची शान्तिको कामना गर्दछौं ।

### निर्णय नं. २

गंगाजमुना गाउँपालिका लगायत यस अर्न्तगतका विभिन्न सेवाप्रदायक कार्यालयका प्रतिनिधि र स्थानीय जनताका बीचमा विकास निर्माण तथा सेवा प्रवाह लागयतका विषयमा दोहोरो सम्वाद स्थापित गरी जनतालाई गाउँपालिकाको विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराएर सेवाप्रदायक कार्यालयहरूमा पारदर्शिता र जवाफदेहीताको प्रभावकारी अभ्यासमार्फत सेवा प्रवाहलाई थप सुदृढ वनाउनका लागि **सम्वत् २०७७ मंसिर ३० गते मंगलबार** सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७७ को दफा ३ र ४ वमोजिम सुरक्षित नागरिक आवास कार्यक्रमको लागि यस गाउँपालिकावाट जम्मा २८ (अठ्ठाइस) जना लाभग्राही/लक्षित वर्गको पहिचान गरी **२०७७ मंसिर मसान्त** भित्र गाउँपालिकामा आवश्यक कागजात सहित त्यस्ता विवरण पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

आ.व. ०७७/०७८ मा यस गाउँपालिकाको वडा अन्तर्गत स्वीकृत देहायका योजनाहरुवाट योजना कार्यान्वयनका लागि आवश्यक पर्ने सामाग्रीहरु व्यवस्था गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित सशर्त वजेटवाट तोकिएको दररेट वमोजिमको ज्यालामा खर्च गर्ने गरी गाउँपालिकामा सूचिकृत वेरोजगारीहरु मार्फत कार्यक्रम यथाशिघ्र संचालन गर्ने निर्णय गरियो ॥

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुलखर्क, धादिङ बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

Scanned with CamScanner

## तपसिल

| सि.नं. | योजना तथा कार्यक्रम, वडा | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | किचेत ढल निकास | १ | ५००,००० |
| २ | अनुग्रह मण्डली पहिरो रोकथाम ग्याविन तार जाली | १ | ३००,००० |
| ३ | ताजिम्राङ पाराडाङ गोरेटो बाटो निर्माण | १ | २५०,००० |
| ४ | तावल खानेपानि मुहान निर्माण तथा कल्स्योङ खोला लघु जलविद्युत मुहान मर्मत आयोजना | २ | ५००,००० |
| ५ | सेक्तली सल्लेरी खानेपानी तथा तिसिम्राङ | २ | ५००,००० |
| ६ | लताव गाँउ ढल निकास आयोजना | २ | ५००,००० |
| ७ | वाहुन गाँउ पोखरा खा.पा. १ घर १ धारा | ३ | ६००,००० |
| ८ | चिमचोक सामुदायिक भवन निर्माण देविस्थान संरक्षण | ३ | ५००,००० |
| ९ | च्यानडाँडा मरनघाट निर्माण | ३ | ४००,००० |
| १० | काकचेत लुमरी दशिमन्दटोल चलाउने विसान कामीटोल खा.पा. योजना | ४ | ५००,००० |
| ११ | विमिरेगाज तमतम पाण्डे भदौरे अमुचेत खा.पा. योजना | ४ | ५००,००० |
| १२ | इदु फलांगे ओजागी खा.पा. योजना | ४ | ५००,००० |
| १३ | रातोडाडा बाभ्फोबारी भण्डारी गाउ देविस्थान पाताल पहिरे खोला खा.पा. योजना | ४ | ५००,००० |
| १४ | टिमुरे बोट खा.पा. भुमेस्थान मर्मत | ५ | २००,००० |
| १५ | कात्तिके टोल माथिल्लो खा.पा. मर्मत | ५ | १००,००० |
| १६ | माथिल्लो दाडसिड खा.पा. १ घर १ धारा | ५ | ६००,००० |
| १७ | गाडखोला चिप्लेटी साउने कुलो मर्मत | ६ | २००,००० |
| १८ | चौतारो मर्मत (भंगेरी चौतारो, कार्की चौतारो, महालक्ष्मी चौतारो, आपा ढुंगा चौतारो) | ६ | ४००,००० |
| १९ | केरवोटे ज्यामिरे गोरेटो बाटो मर्मत | ६ | २००,००० |
| २० | १ घर १ धारा वुढाथुम खा.पा. (साझेदारीसमेत) | ७ | २४०,००० |

**निर्णय नं. ५**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको प.स. सम्पत्ति ०७७/०७८ (सम्पत्ति विवरण), च.नं. ७८१६, मिति २०७७/०७/०२ को निर्णय कार्यान्वयन सम्बन्धमा विषयको पत्रबाट यस गाउँपालिकाका पत्रमा उल्लेख भए बमोजिमका जनप्रतिनिधि तथा कर्मचारीहरुले (३७ जना) आ.व. ०७५/०७६ मा आफ्नो सम्पत्ति विवरण नबुझाएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क उपदफा (२) बमोजिम रु ५,०००/- (अक्षरेपी पाँचहजार मात्र) जरिवाना सङ्घीय

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश नेपाल

बल ... अध्यक्ष

Scanned with CamScanner

राजस्व खाता शीर्षक नं. १४३१२ मा दाखिला गराई सोको एकमुष्ठ जानकारी आयोगमा लेखी पठाउने भनी आयोगबाट मिति २०७७/०६/०८ मा निर्णय भै जानकारी प्राप्त भएकोले निजहरुको मासिक सुविधा तथा तलववाट तोकिए बमोजिमको जरिवाना वापतको शुल्क कट्टा गरी तोकिएको राजस्वा खातामा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गंगाजमुना गाउँपालिका, वडा नं. ४ सातदोबाटो स्थित श्री तामाङखर्क विद्यालयमा अनाथ वालबालिका लागि छात्राबास भवन निर्माणको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायमा माग पेश गर्ने निर्णय गरियो ।

**विविध:**

**(क)** स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र पालिकाहरुबीचमा तुलनात्मक सूचकहरु तर्जूमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंले जारी गरेको **स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७** कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**(ख)** तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमहरु सम्बन्धित निकायमा बजेट माग गर्नका लागि पेश गर्ने निर्णय गरियो ।

(१) सिक्टार वुढाथुम बसेरी मान्वु लापा सडक वडा नं. ७ र ६ (कामगर्ने क्षेत्र बसेरी र बुढाथुम),

(२) किचेत चेप्राङ, लापा सडक वडा नं. १,

(३) पासाङचोक धार्मिक तथा पर्यटकीय पूर्वाधार क्षेत्र विकास, वडा नं.२

(४) ढाँडखर्क खानेपानी योजना, वडा नं. ५

(५) माथिल्लो कल्लेरी चालिसे सडक स्तरोन्नती, वडा नं. ५

(६) फुलखर्क नयाँ सडक पहिरो नियन्त्रण, वडा नं. ५

(७) गुम्दी खानेपानी योजना, वडा नं. ३

(८) पिप्ले हटिया खिरबोटे महालक्ष्मी सडक, वडा नं. ६ ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

Scanned with CamScanner